# सर्केगाड गाउँपालिका, हुम्ला

## कर्णाली प्रदेश, नेपाल

## स्थानीय राजपत्र

## भाग - २

| | | |
|---|---|---|
| खण्डः ८ | संख्याः ८७ | मितिः २०८२।०३।०४ |

**सेवा सहायता केन्द्र मार्फत खानेपानी तथा सरसफाइ योजनाको मर्मत सम्भार कार्यान्वयन समझदारीपत्र**

सर्केगाड गाउँपालिकाको कानून

सर्केगाड गाउँ/नगरपालिका

गाउँ/नगर कार्यपालिकाको कार्यालय

सर्केगाड हुम्ला

# सबैका लागि दीगो खानेपानी तथा सरसफाई (सुस्वा )

सर्केगाड गाउँपालिका, वडा नं. २ मा

# सेवा सहायता केन्द्र मार्फत खानेपानी तथा सरसफाइ योजनाको मर्मत तथा सम्भार कार्यान्वयन समझदारी पत्र

## आर्थिक वर्ष : २०८२/०८३

योजनाको नाम : थारकोट देखि भीयाचौर खानेपानी तथा ससरसफाई मर्मत योजना

गाउँ/नगर पालिका :सर्केगाड वडा नं. २ वस्तीहरु: थारकोट

लाभान्वित घरधुरी संख्या: २९ जनसंख्या: २७३

समझदारी पत्रको अवधि: मिति २०८२/०३/०४ गते देखि २०८३/०३/३० सम्म

समझदारीपत्रको हस्ताक्षर भएको मिति: २०८२/०३/०४

## योजनाको सारांश ( योजनाका मुख्य बिशेषताहरु)

योजनाको नाम :थारकोट देखि भीयाचौर खानेपानी योजना

योजनाको कोड न .६०३०५१०१

योजना संचालन हुने स्थान : थारकोट

योजनाको किसिम : ग्राभीटि

**लाभान्वित घरधुरी र जनसंख्या विवरण:**

| लाभान्वित समुदाय | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| दलित | ० | ० | ० | ० |
| जनजाती | ० | ० | ० | ० |
| अन्य | २९ | ११६ | १५७ | २७३ |
| **जम्मा :** | २९ | ११६ | १५७ | २७३ |
| अपांगता भएका | ० | ० | ० | ० |
| घरमुली महिला भएका (एकल ) | ० | ० | ० | ० |

**बिधमान संरचनाहरु:**

| संरचनाहरु: | बर्तमान अवस्था (सुचारु/ जिर्ण/ सामान्य मर्मत गर्नुपर्ने) | कैफियत (अन्य सूचनाहरु ) |
|---|---|---|
| इन्टेक,आर.भी.टि,पाईप लाईन र धाराहरु | जिर्ण ठुलो मर्मत गर्नु पर्ने | |
| | | |

**मर्मत गर्नु पर्ने**

| इन्टेक (संख्या) | सिसि, डिसि, आइसि, विपिटि, भल्भ च्याम्बर , (संख्या), | पानी सङ्कलन टंकी (संख्या) | कुल पाइपलाइन लम्वाई ( मीटर) | | अन्य संरचना संख्या |
|---|---|---|---|---|---|
| | | | मुख्य पाइपलाइन (मि.) | शाखा पाइपलाइन (मि.) | |
| १ | १ | २ | ३,५०० मी. | १,०००मी. | १५ वटा धारा |

**उपभोक्ता समितिको संरचना:**

| जम्मा उ.स. संख्या : | ७ जना | पुरुष : | ४ जना | महिला : | ३ जना |
|---|---|---|---|---|---|
| दलित जम्मा : | दलित | जनजाती | अन्य | अपांगता भएका | एकल महिला |
| मुख्य पदमा : | ० | ० | ५ | ० | ० |
| सदस्य पदमा : | ० | ० | २ | ० | ० |

.........................................

उपभोक्ता समितिको तर्फबाट

अध्यक्ष

.........................................

गाउं वा नगरपालिकाको तर्फबाट

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
कर्णाली प्रदेश नेपाल
२०७३

CamScanner

**सर्केगाड गाउँपालिका/नगरपालिका**

**गाउँपालिका/नगर कार्यपालिकाको कार्यालय**

**हुम्ला जिल्ला, कर्णाली प्रदेश, नेपाल**

**सेवा सहायता केन्द्र मार्फत योजनाको मर्मत तथा सम्भार कार्यान्वयन**

**समझदारी पत्र**

खानेपानी योजना गुणस्तरीय निर्माण तथा निर्माणपछिको दीगो सञ्चालन र मर्मत सम्भार व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउँदै योजना प्रतिको अपनत्व बढाउन, सर्केगाड गाउँ/नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)को प्राथमिकता नं १० मा परेको थारकोट देखि भीयाचौर खानेपानी तथा सरसफाइ योजना कार्यान्वयनका लागि सेवा सहायता केन्द्रको मार्गदर्शन, २०८२ बमोजिम, सर्केगाड गाउँपालिका/नगरपालिका(यसपछि "गा.पा./न.पा.") र थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफाइ समिति(यसपछि "उपभोक्ता समिति") बीच आपसी सहमतिमा यो समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

१ **समझदारीको अवधि:** यस समझदारीपत्रको अवधी सम्बन्धित खानेपानी योजनाको दीगो सञ्चालन र निरन्तर प्रभावकारी सेवा प्रवाह कायम रहने सुनिश्चिततासहित, योजनाको दिगोपनाको अवधि समाप्त नभएसम्मका लागि अविच्छिन्नरूपमा रहनेछ। उक्त अवधिमा योजनाको संचालन, मर्मत तथा सम्भारसम्बन्धी कार्यहरूमा यस समझदारीमा उल्लेखित शर्त र दायित्वहरु बमोजिम हुनेछन्।

२ **लागत साझेदारी:** आयोजना मर्मत सम्भारका लागि समझदारीका मापदण्डहरु देहायबमोजिमको हुनेछ। देहायका उल्लिखित मापदण्डका आधारमा लागत दुवै पक्ष बीच पूर्व समझदारी पत्रमा हस्ताक्षर गर्नु पर्नेछ।

| आयोजनाको प्रकृति | आयोजनाको अवस्था | उपभोक्ता | नगर/गाउँपालिका |
|---|---|---|---|
| सूचारु तर मर्मत सम्भार आवश्यक भएका आयोजनाहरु | प्रति धारा लागत रु ५०० सम्म लागत आवश्यक पर्ने सामान्य मर्मतका आयोजनाहरु। | १००% | |
| | प्रति धारा लागत रु ५०१ देखि १००० सम्म लागत आवश्यक पर्ने सामान्य मर्मतका आयोजनाहरु। | ७०% | ३०% |

सर्केगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सर्केगाड, हुम्ला कर्णाली प्रदेश नेपाल २०७२

CamScanner

| | | | |
|---|---|---|---|
| | प्रति धारा लागत रु १००१ देखि माथी लागत आवश्यक पर्ने सामान्य मर्मतका आयोजनाहरु। | ५०% | ५०% |
| | ठूलो मर्मत आवश्यक भएका आयोजनाहरु | २०% | ८०% |
| सुचारु नभएका आयोजनाहरु | पूर्णकाल सम्म सेवा दिईसकेका वा डिजाइन अवधी सकिएका वा मूल सुकेर आयोजनाले सेवा दिन नसक्ने भएका आयोजनाहरु जसलाई पुनर्स्थापना र पुनर्निर्माण गर्नु पर्ने आयोजनाहरु। | २०% | ८०% |
| माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खानेपानी योजनामा उपभोक्ता समिति निश्कृय रहेको अवस्थामा वडा कार्यालय मार्फत सम्बन्धित उपभोक्ताको भेला बोलाई भेलाको सहमतिले लागत साझेदारीको अंश प्रतिवद्धता गराई वडा समितिले सिफारिस गरेमा उक्त योजनालाई मर्मत सम्भारको प्रक्रियामा लगिनेछ। | | | |

३ **उपभोक्ता समितिको प्रमुख जिम्मेवारीहरू**: समझदारीपत्रमा हस्ताक्षर भएको मितिदेखि योजना सम्बन्धी स्वामित्व र जिम्मेवारी उपभोक्ता समितिले वहन गर्नेछ। यस अन्तर्गत उपभोक्ता समितिको निम्न जिम्मेवारी रहनेछः

(क) योजनाको मर्मत सम्भार, लागत अनुमान र सामुदायिक कार्ययोजनाका आधारमा कार्यान्वयन गर्ने,

(ख) सेवा प्रदायकको रूपमा वित्तीय स्रोत परिचालन, सञ्चालन खर्च व्यवस्थापन, सेवा विस्तार तथा खानेपानी तथा सरसफाइ सेवा प्रवाह गर्ने,

(ग) सेवा प्रदायकसँग सम्बन्धित चल/अचल सम्पत्तिको सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्ने,

CamScanner

(घ) पालिकाभित्रको वास इकाइसँग समन्वय गरी प्राविधिक सहयोग प्राप्त गर्ने, कार्य सम्पादनको अनुगमन तथा सुपरिवेक्षण गराउने,

(ङ) खानेपानी प्रणालीको नियमित जाँच, सूचना आदान-प्रदान, तथा आवश्यक मर्मत कार्य सुनिश्चित गर्ने,

(च) आम्दानी-खर्चको सार्वजनिक परीक्षण गरी निर्णय अभिलेख प्रमाणित गरी राख्ने,

(छ) तालिम, गोष्ठी, बैठकमा सहभागिता जनाउने र समुदाय परिचालन गर्ने,

(ज) पालिका तथा अन्य निकायको अनुगमनमा सहभागी हुने तथा आवश्यक सहयोग प्रदान गर्ने,

(झ) सेवा सहायता केन्द्र तथा सरोकारवाला निकायसँग नियमित समन्वय र सहजीकरण गर्ने,

(ज) अनुगमन तथा लेखापरीक्षण प्रयोजनका लागि माग अनुरूप आवश्यक दस्तावेज तथा वित्तीय विवरण उपलब्ध गराउने, र

(ट) योजनाको अन्य व्यवस्थापकीय कार्यहरु मुहान दर्ता गर्ने, कार्यकर्ता छनोट र परिचालन गर्ने, महसुल निर्धारण गर्ने, जगेडा सामग्री र उपकरणको व्यवस्थापन गर्ने, मर्मत सम्भार कोषको परिचालन गर्ने र पानी सुरक्षा योजना तर्जुमा गरी त्यसको कार्यान्वयन गर्ने र सोको प्रतिवेलदन पालिकामा पेश गर्ने।

४ <u>गाउँ/नगरपालिका/वडा कार्यालयको भूमिका तथा जिम्मेवारी</u>: गाउँ/नगरपालिका/वडा कार्यालयको भूमिका तथा जिम्मेवारी देहायबमोजिम हुनेछन्

(क) वास इकाइ मार्फत योजनासम्बन्धी सूचना उपभोक्ता समितिलाई उपलब्ध गराउने र आवश्यक मर्मतको लागि समन्वय गर्ने,

(ख) मर्मत तथा सम्भार कार्यको समन्वयका लागि सेवा सहायता केन्द्रमा एकजना सम्पर्क व्यक्ति **(focal Person)** तोक्ने,

(ग) पुनःस्थापना तथा ठूला मर्मत कार्यमा आवश्यक सहयोग प्रदान गर्ने,

(घ) समितिको कार्यशैली, सामग्रीको गुणस्तर तथा संरचनाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ङ) कार्यतालिका अनुसार अनुगमन गरी समितिलाई यथासमयमा भुक्तानी प्रदान गर्न सुनिश्चित गर्ने,

(च) फिल्डमा कार्यरत कर्मचारीको व्यवसायिक योग्यता र अनुशासन सुनिश्चित गर्ने,

(छ) तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्ने यथोचित कारण देखिएमा निर्धारित लागतमै कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने,

(ज) स्थानीय स्रोत परिचालन तथा स्वीकृति/अनुमतिका लागि समितिलाई आवश्यक सहयोग प्रदान गर्ने,

(झ) उपभोक्ता समितिका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ञ) कार्य असन्तोषजनक भएमा वास कोषबाटको निकासा रोक्का वा कटौती गर्ने, र

(ट) कार्यान्वयनमा देखिएका कमजोरी सुधार गर्न सम्बन्धित पक्षलाई सुझाव वा निर्देशन दिने।

५ **वास इकाइ अन्तर्गत सेवा सहायता केन्द्र-उपभोक्ता समिति सहजकर्ताको भूमिका तथा जिम्मेवारी:**

(क) मर्मत तथा सम्भार कार्यपद्धति र सामुदायिक कार्ययोजना अनुसार तालिम, गोष्ठी, बैठक र आमभेला सहजीकरण गर्ने।

(ख) उपभोक्ता समितिलाई भण्डारण व्यवस्थापन, अभिलेख राख्ने, आम्दानी खर्चको हिसाब पारदर्शी रूपमा राख्न र सार्वजनिक परीक्षण गर्न आवश्यक सहयोग प्रदान गर्ने।

(ग) सम्पूर्ण बैठक तथा भेलाका निर्णयहरू अभिलेखीकरण भएको सुनिश्चित गर्ने।

(घ) योजनाका प्राविधिक पक्षहरूमा उपभोक्ता समितिलाई आवश्यक सहयोग उपलब्ध गराउने।

(ङ) मर्मत तथा सम्भार योजनाको नापी किताब तयार गर्ने।

(च) मासिक प्रतिवेदन गाउँ/नगरपालिकामा पेश गर्ने।

(छ) योजनाको लागत वृद्धि, कार्यसम्पादन ढिलाइ वा डिजाइनमा असर पर्ने अवस्था उत्पन्न भएमा तत्काल लिखित रूपमा गाउँ/नगरपालिकालाई जानकारी दिने।

६ **मर्मत तथा सम्भार कार्ययोजनाको लागत अनुमान:** मर्मत तथा सम्भार प्रतिवेदनअनुसार योजना कार्यान्वयनका लागि आवश्यक लागत यस समझदारी पत्रसँग संलग्न अनुसूचीमा उल्लिखित हुनेछ।

७ **अनुगमन खर्च भुक्तानी:** मर्मत तथा सम्भार योजनाको अनुगमनका क्रममा गा.पा./न.पा. का पदाधिकारी तथा कर्मचारीहरूलाई नेपाल सरकारको प्रचलित नियम अनुसार बिनियोजित प्रशासनिक खर्च शीर्षकबाट दैनिक तथा भ्रमण भत्ता प्रदान गरिनेछ।

८ **सार्वजनिक लेखापरीक्षण:** सार्वजनिक लेखापरीक्षण उपभोक्ता समितिद्वारा आमभेलामार्फत गरिनेछ, जसमा कम्तीमा ७५% लाभान्वित घरधुरीको सहभागिता, ५०% महिला सहभागिता तथा जात, वर्ग र क्षेत्रको समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ। लेखापरीक्षणमा सामग्रीको गुणस्तर, परिमाण, मूल्य, खरिद प्रक्रिया, बाँकी कोष, श्रमिकको पारिश्रमिक, ढुवानी खर्च र उपभोक्ताको योगदान समावेश हुनेछ। योजना सम्पन्न भएपछि, योजनासम्बन्धी जानकारी युक्त सूचना बोर्ड सार्वजनिक स्थलमा राखिनेछ।

सर्केगाड-२ रिप, हुम्ला

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
कर्णाली प्रदेश नेपाल
२०७३

CamScanner

९ <u>अनुगमन तथा सुपरिवेक्षण:</u> गाउँ/नगरपालिकाले मर्मत तथा सञ्चालन कार्यविधिअनुसार योजनाको अनुगमनका लागि टोली खटाउनेछ। आवश्यकताअनुसार गाउँ/नगरपालिकाले कुनै पनि समयमा कर्मचारी खटाएर सुपरिवेक्षण गर्न सक्नेछ। अनुगमन टोलीले उपभोक्ता समितिको हिसावकिताब, अभिलेख, भण्डार र निर्माण कार्यको निरीक्षण गरी सुझाव दिनेछ। उपभोक्ता समितिले सुझावहरू अभिलेख गर्न अलग्गै सुझाव पुस्तिका राख्नुपर्नेछ, जुन आगामी अनुगमनमा समीक्षा गरिनेछ। वास इकाइका कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरू अनुगमनमा सहभागी हुनेछन्। अनुगमन टोलीलाई आवश्यक जानकारी, अभिलेख, भण्डार सामग्री जाँच गर्न आवश्यक सहयोग उपभोक्ता समितिले गर्नेछ। अनुगमन प्रतिवेदन कार्यस्थलमै तयार पारिनेछ र सबै सदस्यले हस्ताक्षर गर्नेछन्। फरक मत भएमा सो पनि प्रतिवेदनमा समावेश गरिनेछ। यदि वास इकाइ वा उपभोक्ता समितिले गलत जानकारी दिएर अनुगमन दोहोर्याउनु परेमा त्यसको खर्च गलत जानकारी दिने पक्षले व्यहोर्नुपर्नेछ।

१० <u>समझदारी पत्रको खारेजी:</u> निम्न परिस्थितिहरूमा गाउँ/नगरपालिकाले यो समझदारी पत्र खारेज गर्ने अधिकार सुरक्षित राख्नेछः

(क) उपभोक्ता समितिको कार्यसम्पादन असन्तोषजनक भई स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न हुन नसकेको,

(ख) उपभोक्ता समितिबाट नियतपूर्वक भ्रामक, गलत वा मिथ्या सूचना प्रदान गरिएको प्रमाणित भएमा,

(ग) अनुमानित लागत तथा समयसीमाभित्र कार्य सम्पन्न नगरेको, वा कुनै युक्तिसंगत कारणबिना कार्यमा अत्यधिक ढिलाइ वा अनावश्यक लागत बृद्धि गराइएको,

(घ) योजनाको लागि उपलब्ध गराइएको कोष तथा सामग्रीको दुरुपयोग भएको,

(ङ) उपभोक्ताको सहभागिता तथा योगदानको अभावमा कार्यमा ढिलाइ, लागत बृद्धि वा सामग्रीको क्षति नोक्सानी भएको,

(च) उपभोक्ता समितिले आवश्यक अभिलेख, लेखा-जोखा तथा आर्थिक विवरणहरू पारदर्शितापूर्वक राख्न नसकेको,

योजनाको लागि निकासा भइसकेको कोष वा सामग्रीको दुरुपयोग, हिनामिना वा अपारदर्शिता देखिएमा र सोको कारणले प्रस्तावित मर्मत तथा सम्भार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकी लक्षित उपभोक्ता लाभवञ्चित भएका अवस्थामा गाउँ/नगरपालिकाले यो समझदारी पत्र खारेज गर्न सक्नेछ। यस प्रकारको खारेजीपश्चात योजना अन्तर्गत खर्च भएको रकम तथा प्रयोगमा आएका सामग्रीहरु उपभोक्ता समिति वा सम्बन्धित जिम्मेवार पक्षहरूसँग विद्यमान प्रचलित कानुनबमोजिम असुल उपर गरिनेछ।

सर्केगाड-२ रिप, हुम्ला
सर्केगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सर्केगाड, हुम्ला, कर्णाली प्रदेश नेपाल २०७३
CamScanner

११ **संशोधन तथा मतभेदको व्यवस्थापन:** यस समझदारी पत्रमा उल्लेखित कुनै पनि प्रावधान वा शर्तहरूमा संशोधन वा परिवर्तन गर्नुपर्ने अवस्था उत्पन्न भएमा संलग्न सम्पूर्ण पक्षहरूको आपसी लिखित सहमतिमा मात्र त्यस्तो संशोधन गर्न सकिनेछ। यस समझदारी कार्यान्वयनको क्रममा उत्पन्न हुने कुनै मतभेद वा विवाद भएमा तिनको समाधानका लागि सबै पक्षले पारस्परिक छलफल र आपसी सहकार्यमार्फत समाधान गर्न आवश्यक पर्नेछ। यथोचित आपसी सहमतिवाट समाधान सम्भव नभएमा सो सम्बन्धी व्यवस्था परियोजनाको कार्यान्वयन निर्देशिकामा उल्लेखित प्रावधानहरू अनुसार लागू हुनेछ।

१२ **मर्मत योजना सम्पन्न पश्चात बाँकी कोष तथा सामग्रीको व्यवस्थापन:** योजना सम्पन्न भएपछि निर्माण स्थलमा बाँकी रहेका औजार तथा उपकरणहरू उपभोक्ता समितिको सम्पत्तिका रूपमा आगामी मर्मत तथा सम्भार कार्यका लागि प्रयोगमा ल्याइनेछ। बाँकी रहेका निर्माण सामग्रीहरूको हकमा त्यसको परिमाण र अवस्थाको मूल्याङ्कन गरी, गाउँ/नगरपालिकाको निर्णय वा अन्तिम अनुगमन टोलीको सुझाव तथा सल्लाहको आधारमा आम भेलाले निर्णय गर्नेछ। यदि किस्तावन्दी रकम निकासा भइसकेको अवस्थामा कुनै कारणवश योजना कार्यान्वयन हुन नसकेको खण्डमा, उपभोक्ता समितिले बाँकी रहेको रकम वास कोषमा फिर्ता गर्नुपर्नेछ।

यस सम्झौतामा उल्लेख भएका प्रावधान तथा शर्तहरु मञ्जूर गरी देहायका पक्षहरुको तर्फबाट यस समझदारी पत्रमा हस्ताक्षर गरी समझदारी गर्ने हरेक पक्षले एक एक सक्कल प्रति वुझिलियौं ।

**उपभोक्ता समितिको तर्फवाट:**

हस्ताक्षर .................

नाम :कुम्मेर कार्की

दर्जा: अध्यक्ष

बाजेको नाम: चुरे कार्की

बावुको नाम: कर्ण कार्की

नागरिकता प्र.प.नं. १०८१९

मिति: २०८१/३/४ गते

उपभोक्ता समितिको छाप

**गाउँ/नगरपालिकाको तर्फवाट:**

हस्ताक्षर .................

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८१/३/४ गते

कार्यालयको छाप

साक्षीः

गाउँ/नगरपालिकाको सम्बन्धित वडापालीकाको तर्फवाटः

पालिका वास इकाई/सेवा सहायता केन्द्र को तर्फवाटः

हस्ताक्षर ..................

नामः सिद्ध कार्की

दर्जा : वडा अध्यक्ष

मितिः २०८२/३/४ गते

कार्यालयको छाप

हस्ताक्षर ..................

नाम : निला विक्रम शाही

दर्जा:वाश सयोजक

मितिः २०८२/३/४ गते

कार्यालयको छाप

संलग्न दस्तावेजहरुः

१. मर्मत सम्भार योजनाको सामुदायिक कार्ययोजना (CAP)

२. मर्मत तथा सम्भार योजनाको स्वीकृत लागत स्टिमेट

योजनाको सुचना पाटी संलग्न नमुना बमोजिम तयार गरि स्थापना गरिने छ ।

CamScanner